गाउँका मतदान केन्द्रमा कर्मचारी खटिए । पृष्ठ ४ मा


# विकास

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

खबरपत्रिका साप्ताहिक

www.bikaskhabar.com



विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com




● मकवानपुर, वर्ष-१४, ● अंक-४३ ● २०७९ वैशाख २६ गते सोमबार, ● 09 May 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहानगर प्रमुख लवशेर विष्टको राजिनामा

◆ विकास संवाददाता

थाहा नगरपालिकाका नगर प्रमुख लवशेर बिष्टले राजीनामा दिएका छन् । २२ वैशाख दिउँसो नगर प्रमुख बिष्टले उपप्रमुख खड्ग गोपालीसमक्ष राजीनामा दिएका हुन् ।

यहि ३० वैशाखमा हुने स्थानीय तह सदस्य निर्वाचनका लागि पार्टीको चुनाव प्रचारप्रसारमा लाग्न आचारसंहिता बाधक भएकोले राजीनामा दिएको नगरप्रमुख बिष्टले बताएका छन् ।

नगरप्रमुख पदमा रहेर पार्टीको कार्यक्रममा हिड्न आचारसंहिताले नदिएका कारण राजीनामा दिइएको हो । माओवादी केन्द्रका आधिकारिक उमेद्वार बिष्णु बिष्ट 'आदर्श'लाई आगामी बैशाख ३० मा हुने निर्वाचनमा जिताउनका लागि उनले चुनावी सभामा सम्बोधन गर्नेछन् ।

थाहा नगरका मतदाताले पुन लवशेर बिष्टलाई नै नगरप्रमुखमा जिताउने बताइरहेको भएपनि बिष्टले एक कार्यकाल मात्र काम गर्ने भनेर दोहोर्‍याएनन् । ५ बर्ष कार्यकालमा थाहानगरको विकासमा ठुलो फड्को मारेको बर्तमान नेतृत्वलाई नै जनताले पुन जिताउन खोजेका थिए ।




लवशेर विष्ट

५ बर्ष कार्यकालमा विष्टले थाहा नगरलाई देशकै उत्कृष्ट स्थानीय तहको रूपमा परिचित गराएका थिए । उनकै पालमा थाहा नगर वित्तीय समानीकरण अनुदान प्रयोजनका लागि प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश र स्थानीय सरकारको गरेको कार्यसम्पादन मूल्यांकनमा उत्कृष्ट र बेरूजु फछ्र्यौट गर्ने विषयमा पनि देशकै सर्वोत्कृष्ट स्थानीय तह घोषित भएको थियो ।

# थाहानगरमा करोडौंको योजना स्वीकृत

विकास संवाददाता
थाहानगर

मकवानपुर थाहा नगरपालिकामा करोडौंको विकास योजना भित्रिएको छ । संघीयता घोषणासंगै निर्वाचित पहिलो जनप्रतिनीधिहरूको समयावधि सकिनै लाग्दा विकास योजनाहरू भित्रिएको हो । शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत कार्यान्वयन हुने गरी सघन सहरी विकास कार्यक्रमको लगानी निरन्तरता सम्बन्धी अवधारणामा उललेख भए बमोजिम थाहानगरमा योजनाहरू परेका हुन् ।



थाहा नगरपालिकाका तत्कालिन नगर प्रमुख लवशेर विष्टको विशेष उपस्थितीमा सघन शहरी तथा भवन निर्माण आयोजना चितवनका आयोजना प्रमुख प्रकाश अर्याललगायत कार्यविधि बमोजिमका सदस्यहरू सम्मिलितको बैठकबाट योजना प्रस्ताव गरिएकोमा बजेट स्वीकृत भएको थाहा नगरपालिकाले जनाएको छ ।

नगरपालिकाका योजनाहरू मध्ये सबैभन्दा बढि कुन्छाल कुलेखानी सडकका लागि २५ करोड रूपियाँ बजेट स्वीकृत भएको छ । त्यस्तै थाहा बसपार्कको लागि ७ करोड बजेट रहेको छ । चित्लाङ्को खर्क कपुगाउँ सडकका लागि ५० लाख, देउराली बज्रवाराही सडकका लागि ५० लाख, थाहा नगरपालिका वडा नम्बर ४ मा निर्माणाधिन थाहा पार्कका लागि ३ करोड रूपियाँ बजेट स्वीकृत भएको हो ।

त्यसैगरी दामन डाँडाबास सडक मर्मतका लागि ३ करोड ५० लाख रूपियाँ, महादेवस्थान भाङ्खोरिया सडकका लागि १ करोड ५० लाख रूपियाँ, चिसापानी देउखेल चल्ती बसेरी सडकका लागि २ करोड, ऋषेश्वर ध्यान केन्द्र निर्माणका लागि २ करोड, नौखण्डे जगडाँडा सडक स्तरोन्नतीका लागि २ करोड बजेट स्वीकृत भएको थाहा नगरपालिकाका निवर्तमान नगर प्रमुख लवशेर विष्टले बताए ।

थाहा नगरको पूर्वाधार विकासका लागि एकैपटक यति धेरै बजेट भित्रनू पालिकाको लागि ठूलो उपलब्धी भएको निवर्तमान नगर प्रमुख विष्टले बताए । आफ्नो व्यक्तिगत व्यस्थताको कारण बताउँदै २२ वैशाखमा पदबाट राजिनामा दिएका विष्टले थाहानगरमा शहरी विकास मन्त्रालय अन्तर्गतबाट योजना स्वीकृत तथा बजेट विनियोजनका लागि सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरे । योजना छनोट र बजेट विनियोजनमा महत्वपूर्ण योगदान दिएको बताउँदै शहरी विकास मन्त्री रामकुमारी झाँक्री आम नगरबासीको धन्यवादको पात्र भएको विष्टको भनाइ छ । 'मकवानपुर प्रतिनीधि सभा सदस्य विरोध खतिवडाले योजना स्वीकृत तथा बजेट विनियोजनका लागि उल्लेखनीय भूमिका निर्वाह गर्नु भयो, उहाँलाई यस क्षेत्रका बासिन्दाले कहिल्यै विर्सने छैनन्- विष्टले भने-'स्वीकृत बजेटको बोलपत्र आव्हानका लागि इस्टिमेट तयारी अन्तिम चरणमा पुगेको छ ।'

सघन शहरी तथा भवन निर्माण आयोजना चितवनले समयमै काम सक्ने विश्वास व्यक्त गर्दै उनले आयोजनाका कर्मचारीहरूप्रति योजना छनोट र स्वीकृतमा उल्लेखनीय सहयोग गरेकोमा आभार व्यक्त गरे । छनोट भएका योजनाहरूको बहुवर्षे बोलपत्र आव्हान हुनेछ ।

## स्थानीय तहले गरेको कर्मचारी बढुवा स्वत: बदर

◆ विकास संवाददाता

बागमती प्रदेश लोकसेवा आयोगले स्थानीय तहहरूले आयोगको परामर्श बिना गरिएको कर्मचारी नियुक्ति, बढुवा तहवृद्धि खारेज गर्न स्थानीय तहहरूलाई परिपत्र गरेको छ ।

आयोगको १३ वैशाखमा बसेको बैठकले त्यस्ता सबै पालिकाहरूको निर्णय अनियमित तवरले गरेको ठहरसहित स्वत: बदर भएको जानकारी सहित बागमतीका ११९ वटै स्थानीय तहलाई परिपत्र गरेको छ । पालिकाहरूले आफूखुशी गरेको बढुवा, स्तरवृद्धि संविधानको धारा २२७, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६, कर्मचारी समायोजन ऐन, २०७५ लगायतका कानुन विपरित भएकोले बदर गर्ने आयोगको निर्णय छ । बढुवा बदर गरिनूमा महालेखा परीक्षकको अन्ठाउन्नौ प्रतिवेदनलाई समेत आधार मानिएको छ ।

लोक सेवा आयोगको निर्णयहरू तत्काल कार्यान्वयनका लागि प्रदेशका सबै स्थानी तहहरूलाई परिपत्र समेत गरिसकेको आयोगका कानुन अधिकृत अद्वैत बरालले जानकारी दिए । स्थानीय तहहरूलाई गरिएको परिपत्रको अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायतलाई बोधार्थ दिइएको छ ।

## थाहानगर गठबन्धनका उमेद्वार मतदाता शिक्षा दिन गाउँ पसे

◆ विकास संवाददाता

मकवानपुर थाहानगरका काँग्रेस माओवादी गठबन्धका कार्यकर्ता मतदाता शिक्षातर्फ लागेका छन् ।

नगर प्रमुख र उपप्रमुखमा चुनावी तालमेल गरेको माओवादी र काँग्रेसका उमेद्वार प्रचारमा समेत संगै छन् । उनीहरू बजार भन्दा पनि गाउँ केन्द्रित हुँदै मतदाता शिक्षा दिन लागेका छन् ।

नमुना मतपत्र लिएर मेयरका उमेद्वार विष्णु बहादुर विष्ट तथा उपमेयरका उमेद्वार भरत गोपाली गाउँ पसेका छन् । अहिले पार्टीका कार्यकर्ता भोट हाल्न सिकाउँदै छन् भने उमेद्वार नागरिकलाई प्रतिवद्धता बताइरहेका छन् ।






प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

## • सम्पादकीय •

### चुनावमा तडक-भडक नगरौं

नेपालमा संघीयता कार्यान्वयन पछिको दोस्रो स्थानीय तह सदस्य निर्वाचन आउन ४ दिन बाँकी छ। दलहको चुनाव प्रचार आक्रामक बन्दै गएको छ। चुनावलाई स्वस्थ, स्वच्छ, शान्तिपूर्ण र मर्यादित बनाउन जरुरी छ। देशका विभिन्न स्थानमा चुनावी प्रचारका क्रममा झडपका घटना हुन शुरु भएका छन्। दलका नेता कार्यकर्ता मात्र होइन, कतै–कतै उम्मेदवार नै घाइते हुन थालेका छन्। यो क्रम बढ्दै जाँदा थप जनधनको क्षति हुने खतरा पनि बढ्नसक्छ। यसतर्फ राजनीतिक दलह बेलैमा सचेत हुनु जरुरी छ। निर्वाचन जति शान्तिपूर्ण भयो, त्यति धेरै मतदाता सहभागी हुन्छन्। जति धेरै मतदाताले मतदान गर्न पाए, त्यति धेरै उनीहको विवेकको मत प्रयोग हुन्छ र राम्रो उम्मेदवार छान्न सहयोग पुग्छ। त्यसैले निर्वाचन बलको आधारमा होइन विवेक, तर्क र एजेण्डाको आधारमा जित्ने वातावरण स्वयं दल र तिनका नेता कार्यकर्ताहले बनाउनुपर्छ।अघिल्लो पटक भएको स्थानीय तह निर्वाचनमा पनि हिंसाका घटना निकै देखिएका थिए। २०७४ वैशाख ३१, असार १४ र असोज २ गते तीन चरणमा भएको स्थानीय निर्वाचनमा देशभरि ४३ जना घाइते भएका थिए भने पाँचजनाको मृत्यु भएको थियो। अघिल्लो पटकको स्थानीय तह निर्वाचनपछि राष्ट्रिय मानवअधिकार आयोगले निर्वाचनलाई स्वतन्त्र र शान्तिपूर्ण बनाउन सरकार, निर्वाचन आयोग र राजनीतिक दल तथा तिनका उम्मेदवारहलाई बुँदागत सुझाव नै दिएको थियो। अहिले पनि सरोकारवाला पक्षले आयोगका ती सुझाव मनन् गर्नु जरुरी छ।

चुनावको अन्तर्राष्ट्रिय अभ्यास हेर्दा पनि हिंसाका घटना भएकै देखिन्छन् तर अन्य देशमा चुनावमा हिंसा गराउनेहलाई कानुनी सजायको पनि ब्यवस्था छ। केही समयअघि चुनावमा हिंसा गराएको आरोपमा जिम्बाबेको विपक्षी दलका २७ जनालाई अदालतमा उपस्थित गराइएको थियो। विगतमा कतिपय ठाउँमा आफ्नो पकड भएका क्षेत्रमा राजनीतिक दलहले धाँधली गरेरै भए पनि चुनाव जित्ने गरेका थिए। त्यसो त कतिपय ठाउँमा चुनावकै बेलामा पनि बलियाहरुले कमजोर दलनिकट मतदातालाई मतदानस्थलसम्म जान नदिनेलगायतका हर्कत पनि गर्ने गर्दछन् । जसरी पनि चुनाव जित्नुपर्छ भन्ने मानसिकताका कारण चुनावमा हिंसाका घटना हुने गर्दछन्। त्यसको विकल्प भनेको चुनावलाई स्वस्थ प्रतिस्पर्धापूर्ण बनाउनु जरुरी छ। यसले मतदाता पनि ढुक्क भएर आफ्नो विवेकको मत प्रयोग गर्न पाउँछन् भने दलका नेता, कार्यकर्ता र उम्मेदवारहरु पनि सुरक्षित भएर मत माग्न पाउँछन्। चुनावमा हिंसाका घटना बढ्नुको अर्को कारण एजेण्डाको प्रतिस्पर्धा नहुनु पनि हो।

दल र उम्मेदवारहरु आफ्ना प्रष्ट एजेण्डासहित अघि बढ्नुपर्छ। उनीहले एजेण्डामा प्रतिस्पर्धा गरे भने व्यक्तिगत वा दलगत आरोप प्रत्यारोप गर्नु पनि पर्दैन। त्यसो नगर्दा हिंसाका घटना स्वतः कम भएर जान्छन्। चुनावको सबैभन्दा ठूलो विकृति भनेको धेरै खर्च गर्नु हो। दलहरु चुनाव जित्न जति पनि खर्च गर्ने मनस्थितिमा देखिन्छन्। त्यसले एकातिर खर्च गर्न नसक्ने विपन्नहरुको राजनीतिक सहभागिता घट्दै जान्छ भने अर्कोतिर चुनाव जितेपछि सत्तामा पुगेर चुनाव खर्च उठाउन जनप्रतिनिधिहले भ्रष्टाचार गर्न थाल्छन्। नेपालमा झन् पछि झन् भ्रष्टाचार बढ्दै जानुको कारण चुनाव महंगो हुनु पनि हो। सबै कोणबाट हेर्दा चुनावको गरिमा बढाउन र चुनावपछि आउने जनप्रतिनिधिलाई सदाचारी बनाउन पनि चुनावलाई तडकभडकपूर्ण होइन, शान्त र मर्यादित बनाउनु जरुरी छ। यसतर्फ उमेद्वार र राजनितिक दल समेत उत्तिकै चनाखो हुन आवश्यक छ ।



### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |



# दलिय घोषणापत्रको "मास्टरकपी"




स्थानीय तह निर्वाचनको मिति नजिकिएसँगै राजनीतिक दल र स्वतन्त्र उम्मेदवारले आ-आफ्नो घोषणापत्र सार्वजनिक गरिरहेका छन् । विगत दुई सातामा अपवादबाहेक प्रायः राष्ट्रिय स्तरका दलका घोषणापत्र सार्वजनिक भइसकेका छन् । राजनीतिमा चासो राख्ने नागरिकको हिसाबले मैले स्वतन्त्र उम्मेदवारदेखि सानाठूला सबै दलका घोषणापत्र अध्ययन गरे । परन्तु, प्रायः राजनीतिक दलका घोषणापत्र पढ्दा तिनले मुलुकमा फेरि पनि समृद्धि दिन सक्दैनन् जस्तो लाग्छ । किनकि तिनले विगतकै घोषणापत्रमा पाँच-दश प्रतिशत थपघट गरी ल्याएका छन् । यसको अर्थ हो, भिजन, सूचना-प्रविधि, सुशासन, परिणाममुखी अग्रगामी सरकारको कोणबाट हेर्दा घोषणापत्रले आशा हैन, निराशा ल्याउने खालको छ ।

एउटा जिम्मेवार राजनीतिक दलको घोषणापत्र केवल एक थान घोषणापत्र मात्र नभएर त्यसले देश र नागरिकको भविष्यसँग प्रत्यक्ष सम्बन्ध राख्दछ । उत्कृष्ट फिल्मका लागि जति स्क्रिप्टको महत्व हुन्छ, स्वयम् राजनीतिक दल एवम् देश र नागरिकको भविष्यका लागि उसको घोषणापत्रको त्यति नै महत्व हुन्छ । नेपाली काँग्रेसबाट काठमाडौं महानगरमा मेयर पदकी उम्मेदवार सिर्जना सिंहले 'सिर्जना सिंहका सात 'स' को संकल्प' शीर्षक दिएर पठनीय बनाउन प्रयास गरेकी छिन् । अपितु, राजनीतिक दलहरू घोषणापत्र निर्माण गर्न उति धेरै संवेदनशील भएको देखिँदैन ।

दुनियाँ कता गइरहेको छ, २१ औं शताब्दीको सरकार कस्तो हुनुपर्छ, सूचना प्रविधिको विकासलाई कसरी प्रयोग गर्ने, संविधानले नै परिकल्पना गरेको समाजवाद उन्मूख व्यवस्था कसरी प्राप्त गर्ने आदि विषयको कुनै आइडिया छैन । अपडेट नहुने आउटडेटेड हुन्छ । यो कुनै नियमको कुरा हैन, हरेक मानिसको जीवनले देख्दै र भोग्दै आएको विषय हो । विडम्बना दलहरूले यो तथ्यलाई सधै अनदेखा गर्दै आएका छन् ।

हुन त यसमा दलहरूको मात्र पनि दोष छैन, उत्तिकै दोष नागरिकको पनि छ । नागरिकले साँच्चिकै घोषणापत्र पढेर उत्कृष्ट घोषणापत्र र प्रतिबद्धता गर्ने राजनीतिक दल र उसका प्रतिनिधिलाई मात्र मत दिन्थे भने दलहरूले यस्ता भद्दा घोषणापत्र ल्याउने आँट गर्दैनथे । तर, नागरिक जागरूकताको कमीले नागरिक भनेको वर्षभरी कर तिर्न र चुनावमा भोट हाल्न मात्र जन्मिएका हुन् जस्तो भइरहेको छ ।

विभिन्न दलका धेरै पालिका उम्मेदवारले केन्द्रले नै जारी गरेको घोषणापत्रलाई आत्मसाथ गरे । जबकि प्रत्येक पालिकाको समस्या फरक फरक छ । यस्तोमा उम्मेदवारी दर्ता गरेर मैदानमा उत्रिएका जनप्रनिधिले अब स्थानीय स्तरमा समेत संकल्प लिनुपर्छ । पालिका उम्मेदवारले आफ्नो घोषणापत्रमा स्पष्टसँग कम्तिमा समेट्नै पर्ने विषय यी हुन्ः

### नीतिगत पुनर्संरचना र मूलभूत कार्यक्रम

- समाजवाद भनेको समानतावाद अर्थात् बराबरीमा आधारित राज्य व्यवस्था हो । समाजवादको जग निर्माण गर्न समाजलाई यथास्थितिमा राख्ने, अग्रगमन र समृद्धिको बाधक विभेद र असमानतालाई प्रश्रय दिने परम्परा, मान्यता र अभ्यासको अन्त्य गरिने छ । वैज्ञानिक समाजको जग बसाल्न स्थानीय सरकारको कार्यक्षेत्राधिकारमा पर्ने नीतिहरूको पहिचान र खारेजी गरी गतिशील, विज्ञान र अग्रगमनमैत्री नीति तर्जुमा गरी लागू गरिने छ ।

- निश्चित समयमा समृद्धि हासिल गर्न साइन्सबेस्ड अप्रोच (तथ्याङ्क, अग्रगामी, समानता र बराबरीमा आधारित, सापेक्षित, सकारात्मक सोच, नवीनतम् कार्य, तत्काल र परिणाममूखी) नीति, कार्यक्रम, बजेट र सर्भिस डेलिभरी सुनिश्चित गरिने छ । साथै, परम्परागत नीति र तौरतरिकाको अन्त्य गर्न स्थानीय सरकारको कार्यक्षेत्राधिकारभित्र रही नीतिगत क्रान्ति (पोलिसी रिफर्म) का माध्यमबाट प्रक्रियाको मात्र ग्यारेन्टी गर्ने नीतिमा परिमार्जन गरी परिणामको ग्यारेन्टी गर्ने नीति तर्जूमा गरी लागू गरिने छ ।

- हरेक पालिकाको आवश्यकता र सामाजिक न्यायसहितको समृद्धि हासिल गर्न नागरिक समाज, विज्ञ, राजनीतिक दललगायत सरोकारवाला सबैको सहभागितामा पालिकाको अग्रगामी एकीकृत गुरूयोजना बनाई त्यसैका आधारमा वार्षिक योजना, कार्यक्रम र बजेट तर्जुमा गरी लागू गरिने छ । सपनालाई योजना, योजनालाई कार्यक्रम र कार्यक्रमलाई, कार्यान्वयन गरी पाँच वर्षभित्र पालिकामा सामाजिक न्याय र विकास हासिल गरिने छ ।

- सकारात्मक विभेदको नीति अख्तियार गरी पछाडि पारिएको क्षेत्र, वर्ग, लिंग, जात र समुदालयलाई क्षमता विकास र सकारात्मक विभेदका माध्यमबाट नीति, नेतृत्व, निर्णय प्रक्रिया र अवसरमा अग्रसर गराइने छ ।

- गरिब, असहाय र विभेदमा पर्नु कथित पूर्वजन्मको पाप नभएर सामाजिक अन्याय, विभेद, कुरिती, अमानवीयता र सामन्ती व्यवस्थाको अवशेष भएकोले हाम्रो पालिकालाई पाँच वर्षभित्रमा गरिबी र विभेदरहित पालिका बनाइने छ ।

- 'वर्गीय सर्वेक्षण' गरी निम्न, मध्यम र उच्च वर्गको पहिचान खुल्ने 'वर्गीय परिचयपत्र' वितरण गरी निम्न, मध्यम र उच्च वर्गलाई सापेक्षित नीतिका आधारमा शिक्षा, स्वास्थ्य, रोजगारी, आर्थिक क्रियाकलाप, सेवाशुल्क, राजश्व, अवसर, दैनिक उपभोग्य वस्तुमा सापेक्षित शुल्क र मुल्यको व्यवस्था गरिने छ ।

- निश्चित समयभित्र समानता, बराबरी र नागरिकको समान अग्रगति हासिल गर्न निम्नवर्गीय नागरिकलाई अधिकांश सेवासुविधा निःशुल्क दिने, मध्यवर्गलाई लागत मुल्यभित्र र उच्च वर्गलाई अतिरिक्त शुल्क लिइने व्यवस्था मिलाइने छ ।

- सरकारी र निजी क्षेत्रको शिक्षामा एकरूपता ल्याउन र शिक्षालाई वैज्ञानिक बनाउन स्थानीय सरकारको क्षेत्राधिकार भित्र रही पाँच वर्षभित्र सरकारी र निजी क्षेत्रमा समान पाठ्यक्रममा पठनपाठनको सुनिश्चित गर्न सरकारी शैक्षिक संस्थाको जनशक्ति र पूर्वाधार विकास गरिनेछ । साथै, मातृभाषामा वैज्ञानिक शिक्षा पठनपाठनको ग्यारेन्टी गरिने छ ।

- हाम्रो पालिकामा नागरिकमैत्री शासन एवम् सुशासन सुनिश्चित गर्न पालिकामा सबै सरोकारवालाको सहभागितामा 'नागरिक निगरानी समूह' गठन गरी स्थानीय सरकार सञ्चालन र प्रभावकारिताका लागि नागरिकको शसक्त र प्रत्यक्ष सहभागिता सुनिश्चित गरिने छ ।

- अनुत्पादक क्षेत्रमा भइरहेको लगानीलाई शतप्रतिसत कटौती गरी त्यसको साटो पालिकामा वैज्ञानिक खोज-अनुसन्धान र अन्बेषणलाई प्रर्वद्धन गर्न 'अनुसन्धान केन्द्र' स्थापना गरिनेछ । वैज्ञानिक खोज, अध्ययन-अनुसन्धान, अन्वेषण र प्रयोगका क्षेत्रमा पर्याप्त बजेट बिनियोजन गरिने छ ।

- २१ औं शताब्दी प्रविधिको युग भएकाले यसको मुख्य उत्पादन शक्ति पनि विज्ञान-प्रविधि नै हुन्छ । त्यसैले विज्ञान-प्रविधिको विकासमा स्थानीय सरकारको लगानी केन्द्रीत गरी टेक्नोलोजी एवम् सूचना-प्रविधिको विकास र प्रयोगबाट प्रचुर उत्पादन र भौतिक विकास हासिल गरिने छ ।

- प्रविधिको विकासले स्मार्ट शताब्दी बनाईसकेको अवस्थामा त्यसलाई हृदयंगम गरी सरकारको सेवा प्रवाहलाई चुस्तदुरूस्त बनाउन हाम्रो पालिकालाई 'स्मार्ट सरकार'को अवधारणाअनुसार स्थापित र सञ्चालन गरिने छ ।

- नागरिक समाज बलियो भएमात्र लोकतन्त्र फस्टाउने भएकाले हाम्रो पालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्र रहेका संघसंस्थाको क्षमता विकास गरी सरकारलाई शसक्त खबरदारी गर्न सक्षम बनाउने छ । साथै, जनप्रतिनिधिलाई सुशासन र प्रविधिमैत्री हुन स्मार्ट नेतृत्व विकास तालिम सञ्चालन गरिने छ । जनप्रतिनिधिलाई पारदर्शी, नागरिक उत्तरदायी बनाउन नागरिक निगरानी समूहबाट प्रभावकारी अनुगमन-मूल्याङ्कनको व्यवस्था मिलाईने छ ।

- परिवर्तनमा योगदान गर्ने सहिद,

*बाँकी पेज ३ मा*

# दलिय घोषणापत्रको... . .

घाइते, अपाङ्ग र तिनका परिवारको लगत संकलन गरी उनीहरूको योगदानको उच्च सम्मानसहित विशेष कार्यक्रम बनाई लागू गरिने छ ।

- पालिकाको अग्रगतिमा योगदान गर्ने 'आइडिया' कल गरी राम्रा आइडिया खरिद वा साझेदारी वा प्रर्वद्धन गर्ने व्यवस्था मिलाईने छ ।

- पालिकामा श्रमबजार र रोजगार क्षेत्रको सम्भाव्यता अध्ययन गरी तथ्याङ्कका आधारमा वार्षिक जनशक्ति प्रक्षेपण र सोही बमोजिमको जनशक्ति उत्पादनका लागि वेरोजगारको लगत संकलन र सीपमूलक तालिम सञ्चालन गर्दै उद्यमशीलता र रोजगारी विकास गरिने छ ।

- पालिकामा उद्योग स्थापना गरी स्थानीय स्तरमा रोजगारीको सिर्जना गरिनेछ । साथै, पाँच वर्षभित्र पालिकामा एक खेल मैदान, एक कभर्ड हल, एक अस्पताल, कम्तिमा एक स्नातकोत्तर सम्मको क्याम्पस, एक सभाहल, एक व्यवस्थित बजार र बसपार्क, एक बालउद्यान, एक ज्येष्ठ नागरिक ग्राम, एक पार्क निर्माण गरिनेछ । स्वच्छ उर्जा र खानेपानीको सुविधा सुनिश्चित गरिने छ ।

- पालिकामा एक 'सामुदायिक सहकारी' स्थापना गरी त्यसमार्फत् नागरिकलाई आयआर्जन र आर्थिक गतिविधिमा संलग्न गराउने व्यवस्था मिलाईने छ ।

- पालिकामा वसोवास गर्ने नागरिकको स्वास्थ्यमा सहज र निःशुल्क पहुँचका लागि नागरिक स्वास्थ्य कोष स्थापना गरी सञ्चालन गरिने छ । साथै नागरिक स्वास्थ्य बीमालाई अनिवार्य गरिने छ ।

- बजेट कार्यक्रम प्रथम, दोस्रो र तेस्रो चौमासिकमा विभाजन गरिदै आएको र ठोस समयतालिका, परिणाम र जिम्मेवारी स्पष्ट नहुँदा परिणामबिहीन हुन्छ । त्यसको अन्त्यका लागि आवश्यकीय बजेट-कार्यक्रम गरी ठोस समयतालिका, परिणाम र जिम्मेवारी स्पष्ट गर्दै बजेट कार्यक्रमलाई मासिक रूपमा ब्रेकडाउन, कार्यान्वयनको जिम्मेवारी, जवाफदेही व्यक्ति र त्यसको परिणामलाई स्पष्ट गरी कार्यान्वयन गरिने छ ।

- हरेक पालिकाको नीति, योजना र बजेटलाई तोकिएको समयमा कार्यसम्पादन गरी निर्धारित लक्ष्य निर्धारित समयमा हासिल गर्न 'ट्र्याकिङ्ग मेकानिज्म' (एप्स), निर्माण गरी मोबाइलबाटै जनप्रतिनिधि र नागरिकले कार्यप्रगतिको अनुगमन-मुल्याङ्कन गर्न सक्ने व्यवस्था मिलाइने छ ।

- वर्तमान सन्दर्भमा इन्टरनेट सञ्चारको माध्यममात्र नभएर सामाजिक, आर्थिक र राजनीतिक गतिविधिको समेत निर्विकल्प माध्यम भइ सकेकाले सार्वजनिक स्थानमा निःशुल्क इन्टरनेट दिने व्यवस्था मिलाईने छ ।

- समुदाय र स्थानीय सरकारको साझेदारीमा कानुनी राज्य स्थापित गर्न प्रभावकारी रणनीति बनाई सशक्त रूपमा कानुनको कार्यान्वयन गरिने छ ।

### स्मार्ट नेतृत्व, स्मार्ट स्थानीय सरकार

- जनप्रतिनिधिको पाँच वर्षे कार्यकाललाई वर्ष, महिना, हप्ता र दिनमा विभाजन गर्दा ६० महिना, २४० हप्ता र १८२५ दिन हुने भएकाले दैनिक, साप्ताहिक, महिनावारी र वार्षिक कार्ययोजना बनाई पाँच वर्षभित्र गर्ने काम र प्रतिफलको सूचकांकसहित कार्यसम्पादन गरिने छ ।

- वर्तमान प्रविधिको युग र प्रविधिमैत्री नागरिकलाई नेतृत्व गर्न परम्परागत मानसिकताका जनप्रतिनिधिले नसक्ने भएकाले पालिकाका जनप्रतिनिधिको क्षमता विकास गरिने छ । स्मार्ट नेतृत्व (सोच्ने तरिकामा विज्ञान, आचरणमा विज्ञान, कार्यसम्पादनमा विज्ञान, सूचनाप्रविधिको अधिकतम प्रयोग, अग्रगामी सोच र दृष्टिकोण, आकर्षक व्यक्तित्व, निर्णय क्षमता, कमाण्डी, भिजनरी, योजनाकार, समय व्यवस्थापन र उत्कृष्ट सञ्चार स्किल, अध्ययनशिल, कलात्मक प्रस्तुति) विकास गरिनेछ ।

- संस्थागत सुशासन सुनिश्चित गर्न संस्थागत डिजिटलाईजेशनको परियोजनाको विकास गरी लागू गरिनेछ । साथै, जनप्रतिनिधि, कर्मचारी र संघसंस्था/क्लब लगायतलाई डिजिटल लिटरेसीसम्बन्धी तालिम सञ्चालन गरी आधुनिक सरकार एवम् सेवा प्राप्ति र प्रवाहमा प्रविधिको उच्चतम् प्रयोग गरिने छ ।

- क्रमिक रूपमा सेवामा सुधार ल्याउन प्रविधिको प्रयोग गरी सेवाग्राहीलाई अनलाईनबाट सेवा विस्तार गरिनेछ ।

- नीतिगत सुधार, क्षमता विकास र तालिमका माध्यमबाट जनप्रतिनिधि, कर्मचारी र नागरिक समाजलाई मानसिक रूपमै (रिप्रोग्रामिङ) गरिनेछ ।

- सबै तहका पदाधिकारी र कर्मचारीले दैनिक गर्ने कार्यसम्पादनको टाइम सिट भर्ने/ भराउने व्यवस्था गरी कार्यसम्पादन मूल्याङ्कन गरिने छ ।

- कुनै पनि फाइलमा निर्णय गर्ने अधिकतम समय सापेक्षित रूपमा ३ दिनको हुनेछ । यसबाट जवाफदेही प्रशासनको प्रत्याभूत हुनुका साथै राज्यप्रति नागरिक विश्वासमा बढोत्तरी हुनेछ ।

### जनप्रतिनिधिको स्वघोषणा

१. नागरिकसँग कहिले नकारात्मक व्यवहार गर्ने छैनौं । सकारात्मक सोचबाट अभिप्रेरित हुनेछौं ।
२. सम्भवभित्र असम्भव हैन, असम्भवभित्र सम्भव खोज्नु हामी जनप्रतिनिधिको अनिवार्य दायित्व हुनेछ ।
३. परिणामबिहीन परम्परागत शासन प्रणालीमा परिवर्तन गरी, परिणाममुखी र उदाहरणीय शासन सञ्चालन गर्नेछौं ।
४. हामी जनप्रतिनिधिले कुनै पनि खाले विभेद र अमानवीय कार्य गने, गराउने छैनौं । साथै, हाम्रो पालिकालाई विभेदर हित पालिका बनाउनेछौं ।
५. हामी जनप्रतिनिधिले पश्चगामी काम गर्ने छैनौं ।
६. हामी जनप्रतिनिधि भ्रष्टाचार, महिला हिंसा र जातीय विभेद जस्ता अमानवीय कार्यमा संलग्न हुने छैनौं ।
७. हामी जनप्रतिनिधिले राजनीति अर्को चुनावका लागि हैन, अर्को पुस्ताका लागि हो भन्ने कुरा व्यवहारिक रूपमै आभाष दिने गरी काम गर्ने छौं ।
८. हामी जनप्रतिनिधि जागिरे मानसिकताबाट मुक्त भई समाज र देशका लागि काम गर्नेछौं ।
९. हामी जनप्रतिनिधि नागरिक करको सदुपयोग गरी पालिकाको विकास गर्नेछौं । करको दुरुपयोग गर्ने छैनौं ।
१०. न्यायको पक्षधर, इमान्दारिता, नैतिकता, देशभक्ति, परिवर्तनको बाहक र अग्रगामी सोच हाम्रो जनप्रतिनिधिको पहिचान हुनेछ ।

(-इमेल प्राप्त लेख)


## हाम्रो अनुरोध

- सुक्खा मौसममा हावाहुरी चल्ने घर, पसल, कार्यालय र वनलगायतमा आगलागी भई जनधनको ठूलो क्षति हुनसक्छ ।
- आगलागीका विपदजन्य घटना हुन नदिन र भइहालेमा कम क्षतिमा नियन्त्रण गर्नका लागि जनस्तरबाटै सावधानी अपनाऔं ।
- आगो उत्पन्न हुने सलाई, लाइटर, ग्याँस सिलिण्डर र चुल्हो बालबालिकाबाट टाढै राखी होसियारीपूर्वक प्रयोग गर्ने र काम सकिएपछि सुरक्षितसाथ राख्ने गरौं ।
- वनमा डढेलो नलगाउने, वनमा वनभोज गर्दा बालेको आगो र खाएको चुरोटको ठुटा पूर्णरूपमा निभाउने गरौं ।

**थाहा नगरपालिका**
इन्द्रायणी चौर, मकवानपुर

*उपभोग्य वस्तु खरिद गर्दा उपभोग्य मिति हेरेर मात्र खरिद गरौं ।* - विकास खबरपत्रिका







# हेटौंडामा जोगिएला एमालेको तीन दशक लामो विरासत ?

◆ विकास संवाददाता

निर्वाचनको मिति नजिकिरहँदा हेटौंडा उपमहानगरपालिकामा उम्मेदवार बनेकाहरूको दौडधुप बढेको छ । दुई दिनपछि मौन अवधि शुरू हुने भएकाले पनि मत परिणाम आफ्नो पक्षमा पार्न उम्मेदवारले हरसम्भव प्रयास गरिरहेका छन्।

हेटौंडा उपमहानगरपालिकाका प्रमुखमा १९ जनाको उम्मेदवारी कायम रहे पनि मुख्य प्रतिस्पर्धा भने नेकपा एमाले र सत्तारूढ गठबन्धनबीच हुने देखिन्छ पछिल्लो समय राप्रपाले पनि आफ्नो उपस्थिति राम्रो देखाइरहेको छ । हेटौंडामा एमालेले लामो समयदेखि आफ्नो उपस्थिति बलियो रूपमा देखाउँदै आएको छ । २०४९ यता भएका तीनवटै स्थानीय निर्वाचनमा हेटौंडामा एमालेले जित्दै आएको छ । यसपटक एमालेबाट विभाजित एकीकृत समाजवादीको नेतृत्वमा कांग्रेस र माओवादी केन्द्र एमालेसँग चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् ।

हेटौंडामा 'लालकिल्ला' को इतिहास रचेको एमाले त्यही इतिहासलाई निरन्तरता दिनुपर्ने चुनौती रहेको छ । यसका लागि सत्ता गठबन्धन बाधक बनेको छ । एमालेलाई ३० गतेको निर्वाचनबाट मतपरिणाम आफ्नो पक्षमा पार्न सत्तारूढ पाँच दलीय गठबन्धनलाई परास्त गर्नुपर्ने बाध्यता छ। कुनै पनि हालतमा आफ्नो विरासत जोगाउने दाउमा एमाले छ भने एमालेलाई हराउँदै नयाँ इतिहास रच्ने दाउमा सत्ता गठबन्धन छ ।

२०४९ र २०५४ मा हेटौंडा नगरपालिकामा एमालेका डोरमणि पौडेल मेयरमा निर्वाचित भएका थिए । उनीसँगै उपमेयरमा एमालेबाटै हरिबहादुर महत विजयी भएका थिए । २०७४ को निर्वाचनमा कांग्रेस र माओवादी केन्द्रबीच गठबन्धन भएको थियो तैपनि परिणाम एमालेकै पक्षमा गयो ।

०७४ को निर्वाचनमा कांग्रेस–माओवादीका उम्मेदवारलाई परास्त गर्दै एमालेका हरिबहादुर महत मेयर र मीनाकुमारी लामा (हाल एकीकृत समाजवादी) उपमेयरमा विजयी भएका थिए। त्यतिवेला एमालेलाई विजयी हुन मत बदर हुँदा पनि सजिलो भएको थियो । गत स्थानीय निर्वाचनमा एमालेका महत ६१५ मतान्तरले मेयरमा विजयी भएका थिए। निर्वाचनमा मेयरमा सात हजार ५०२ मत बदर भएको थियो ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार बदर मतमध्ये करिब ९० प्रतिशत माओवादी केन्द्रको चुनाव चिह्नमा स्वस्तिक छाप हानिएका कारण बदर भएको थियो । यसले गर्दा माओवादीको समर्थनमा मेयर उम्मेदवार रहेका कांग्रेसका आनन्दराम पराजुली पराजित भएका थिए । त्यसैले पनि अघिल्लो निर्वाचनलाई हेर्दा मत बदर नभएको खण्डमा परिणाम गठबन्धनको पक्षमा जाने देखिन्थ्यो ।

अहिलेको स्थानीय तहको निर्वाचनमा अघिल्लो निर्वाचनमा एमालेबाट उपमेयरमा निर्वाचित भएकी मीना लामा सत्ता गठबन्धनबाट मेयरको उम्मेदवार बनेकी छन् । एमालेबाट विभाजित नेकपा एकीकृत समाजवादीमा आबद्ध रहेकी उनी गठबन्धनका तर्फबाट उम्मेदवार बनेकी हुन् । यता एमालेले यसपटक संविधानसभा (२०७०) सदस्य अनन्त पौडेललाई मेयरमा उठाएको छ । यो पटक एमालेले कमल थापा नेतृत्वको राप्रपा नेपालको पनि समर्थन पाएको छ। यद्यपि हेटौंडामा राप्रपा नेपालको प्रभाव भने खासै देखिएको छैन ।

राजेन्द्र लिङ्देन नेतृत्वको राप्रपाले मेयर–उपमेयरसहित सबै वडामा उम्मेदवार प्रतिस्पर्धामा उतार्दा थापाले आफ्नै गृहनगरमा पनि पार्टीका तर्फबाट एकजना पनि उम्मेदवार खडा गर्न सकेनन् । र प्रपाबाट दीपकबहादुर सिंह मेयरको रूपमा मैदानमा छन् ।

समान राजनीतिक विचारधारा बोकेको राप्रपाले सेटमै प्रतिस्पर्धा गरिरहँदा राप्रपा नेपालका मतदाता राप्रपालाई छान्ने कि एमालेलाई छान्ने भन्ने दोधारमा छन् । त्यसैले हेटौंडामा राप्रपाको राजनीतिक समर्थन भए पनि व्यवहारिक रूपमा एमालेले विगतमा झैं एक्लै लड्नुपर्ने अवस्था सिर्जना भएको देखिन्छ ।

एमालेका लागि चुनौतीको बिन्दु यही देखिन्छ । अहिले गठबन्धनको आकार बढेको छ। कांग्रेसबाट उपमेयरमा राजेश बानियाँ मैदानमा छन्। उनको प्रभाव युवामाफ अत्यधिक रहेको छ। गठबन्धनमा माओवादी केन्द्रका साथै एमालेबाट विभाजित भएको एकीकृत समाजवादीको मत पनि जोडिएको छ। अघिल्लो चुनावमा गठबन्धन भए पनि मतदाता शिक्षा राम्ररी दिन नसक्दा धेरै मत बदर भएर क्षति व्यहोर्नुपरेकाले अहिले सत्तारूढ गठबन्धनले सो अवस्था दोहोरिन नदिन घरदैलो कार्य तीव्र बनाएको छ ।

मकवानपुरमा एमाले विभाजनपछि एकीकृत समाजवादीतर्फ गएको जनमत स्पष्ट नभए पनि प्रभावशाली नेताहरू भने एकीकृत समाजवादीतर्फ लागेका छन् । एमालेमा हुँदा केन्द्रीय भूमिकामा रहेका विरोध खतिवडा, केदार न्यौपाने र मजदुर नेता ललित बस्नेत एकीकृत समाजवादीमा छन् । गठबन्धनबाट साभा उम्मेदवार बनेकी लामाको सबलताले पनि एमालेको विरासतलाई टक्कर दिइरहेको छ । उपमहानगरमा रहेको जनजाति मतले पनि गठबन्धनलाई उत्साही बनाएको छ। जिल्ला निर्वाचन कार्यालयका अनुसार हेटौंडा उपमहानगरमा एक लाख चार हजार ४७३ मतदाता छन् ।

# गाउँका मतदान केन्द्रमा कर्मचारी खटिए



◆ विकास संवाददाता

निर्वाचन कार्यालय र मुख्य निर्वाचन अधिकृतको कार्यालय मकवानपुरमा २५ वैशाखमा कर्मचारीहरूको निकै भिड रहिरह्यो । दिनभरजसो कर्मचारीहरू मुख्य निर्वाचन अधिकृतको कार्यालयमा नियुक्तपत्र बुझ्ने र निर्वाचन कार्यालयमा मतपेटीका, मतपत्र लगायतका सामाग्री बुझ्नमा व्यस्त रहेका छन् । २६ वैशाखमै जिल्लाका ३ सय ६५ मतदान केन्द्रमा खटिनुपर्ने भएकाले पनि कर्मचारीहरूलाई मतपेटीका, मतपत्र, लगायतका सामाग्री बुझ्नका लागि भ्याइ नभ्याइ रहेको थियो ।

दुईवटै कार्यालयमा कर्मचारीको दिनभरजसो भिड थियो । निर्वाचनको कार्यतालिका अनुसार २७ वैशाखमै सबै मतदान केन्द्रमा कर्मचारीहरू पुगिसक्नुपर्छ । कर्मचारीहरूले त्यहाँ पुगेर कार्यतालिका अनुसार काम गर्नुपर्ने हुन्छ । बिकट गाउँमा पुग्ने कर्मचारीहरूले २६ वैशाखमा मतपत्र र पेटीका बुझेर मतदान केन्द्र तर्फ लागेका हुन् । धेरै कर्मचारी २७ वैशाखमा आफ्ना मतदान केन्द्रमा खटिने तयारी गरेका छन् ।

निर्वाचन आयोगबाट प्राप्त मतदान सामाग्री र मतदाता परिचयपत्रको प्याकेज बनाई पठाउने काम भईरहेको निर्वाचन कार्यालय बागमती प्रदेश कार्यालयका प्रमुख लुम्बनाथ अधिकारीले जानकारी दिए । बैशाख २७ गते अघि नै निर्वाचन केन्द्रमा मतपत्र, मतपेटिका, मतदाता परिचयपत्र लगायतका निर्वाचन सामाग्री पुर्याउने ढंगले काम भईरहेको उनको भनाई छ । मकवानपुर जिल्लामा निर्वाचनको लागि ३ लाख २५ हजार मतपत्र आएको जनाईएको छ ।

मकवानपुरमा ३ सय ५६ मतदान केन्द्रमा खटिने कर्मचारीलाई मतदान केन्द्रको व्यवस्थापन, मतदानलाई व्यवस्थित गर्ने जस्ता कार्यहरूबारे तालिम दिईएको छ । मकवानपुरमा ५ सयसम्म मतदाता रहेको मतदान केन्द्रमा ७ जना निर्वाचन अधिकृत र ५ सयभन्दा बढी मतदाता रहेको मतदान केन्द्रमा निर्वाचन अधिकृतसहित ८ जना कर्मचारी टोली खटिने छ ।

वैशाख ३० शुक्रबार हुने निर्वाचनमा मकवानपुरमा २ लाख ९४ हजार ९ सय १९ जनाले मतदान गर्दैछन् । निर्वाचन आयोगका अनुसार २९ वैशाख २०७९ सम्ममा मकवानपुरमा १८ वर्ष पूरा भएका १ लाख ४९ हजार ९ सय ५४ जना पुरुष, १ लाख ४४ हजार ९ सय ५९ जना महिला र अन्यमा ६ जना मतदाता रहेका छन् ।

जिल्लाको १० वटा स्थानीय तह मध्ये सबैभन्दा बढी मतदाता हेटौंडा उपमहानगरपालिका भित्रका रहेका छन् भने सबैभन्दा कम इन्द्रसरोबर गाउँपालिका भित्रका रहेका छन् । हेटौंडामा १ लाख ४ हजार ४७३ जना र इन्द्रसरोबरमा १२ हजार ४ सय ७१ जना मतदाता रहेका छन् । मकवानपुरको थाहा नगरपालिकामा ३२ हजार ३ सय ७ जना,बकैया गाउँपालिकामा २९ हजार ९ सय ४३ जना,बागमती गाउँपालिकामा २२ हजार ४० जना, भीमफेदी गाउँपालिकामा १७ हजार ४ सय २८ जना, मनहरी गाउँपालिकामा २६ हजार ७ सय २१ जना,मकवानपुरगढी गाउँपालिकामा १९ हजार १ सय १८ जना, राक्सिराङ्मा १५ हजार ८ ३२ जना, कैलाश गाउँपालिकामा १४ हजार ५ सय ८६ जना मतदाता रहेको निर्वाचन आयोगले जनाएको छ ।

यसैगरी, निर्वाचनको लागि जिल्लामा मतदान स्थल १ सय ६५ र मतदान केन्द्र ३५६ रहेको बागमती प्रदेश निर्वाचन कार्यालयका प्रदेश निर्वाचन अधिकारी लुम्बनाथ पोखरेलले जानकारी दिए । उनले मतदान स्थल र केन्द्रको लागि २५ वैशाखबाट निर्वाचन साम्रगी पठाउन सुरू गरेको र २७ वैशाखसम्म मतदान अधिकृत र सहायक मतदान अधिकृत आफ्नो क्षेत्रमा पुग्ने बताए ।

# वनकरियालाई लालपुर्जाको आश

◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिका–४ वनकरिया बस्तीकी ६७ वर्षीया गोमा वनकरियाले दैनिक विभिन्न राजनीतिक दलका नेता तथा उम्मेदवारहरू भेटिरहेकी छिन् ।

स्थानीय तहको निर्वाचनमा आफूलाई जिताउन आग्रह गर्दै उनको घरमै भेट्न जानेहरूको भीड नै लाग्छ । भोट माग्न आउने उम्मेदवारसँग उनी लालपुर्जाको आश गर्छिन् । उनलाई मत माग्न आउनेले लालपुर्जा ल्याइदिए पनि हुने भन्ने लाग्छ । उनले आफूसँग भोट माग्न आउनेसँग सुरक्षित र स्थायी बसोबास मागेको बताउँछिन् । गोमाले पछिल्लो केहिदिन यता दिनँहु भेटिरहेको उम्मेदवारहरूले उनलाई लालपुर्जा दिलाउने आश्वासन दिइरहेका छन् । तर, उनी विश्वस्त हुन नसकेको बताउँछिन् ।

करिव दुई दशकदेखि उक्त क्षेत्रमा बस्दै आएकी उनलाई कतिबेला सो ठाउँ छोड्नुपर्ने हो, भन्ने चिन्ता लागिरहन्छ । चितवन राष्ट्रिय निकुञ्जको जंगलमा सानो घर बनाएर बसिरहेकी उनलाई निकुञ्जले उठीबास लगाउने हो कि भन्ने पीर लाग्ने गरेको बताइन् ।

जंगली जनावरको जोखिम मोलेर जंगल क्षेत्रमा नै बस्दै आए पनि उनले अघिल्लो निर्वाचनमा पनि लालपुर्जा दिलाइदिन्छौं भनेकालाई नै भोट हालेकी थिइन् । तर, उनले भोट हालेर जितेर गएकालाई लालपूर्जा नदिएको उनको दुखेसो गरिन् । 'जितेर गएपछि उनीहरू ठूलो मान्छे भइहाल्छन् । हामीलाई सुरक्षित रूपमा बस्नको लागि लालपुर्जा दिनुपर्छ,' उनले भनिन् । वनकरिया सधैँ अरूलाई जिताउनको लागि होइनन् ।'

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# एमाले थाहा प्रतिवद्वता पत्रः काठमाडौंको भगिनी सहर बनाउनेदेखि एक घर एक टनेलसम्म

◆ विकास संवाददाता

आशन्न स्थानीय निर्वाचन लक्षित गर्दै नेकपा एमालेले मकवानपुरको थाहा नगरपालिकाको लागि प्रतिवद्वता पत्र सार्वजनिक गरेको छ । 'सुशासन, विकास र आर्थिक समृद्धि हाम्रो रहर - कृषि, पर्यटन र पूर्वाधारसहितको सुन्दर थाहानगर' नारा दिइएको प्रतिवद्वता पत्रमा करिव ८२ बुँदाहरू समावेश गरिएको छ ।

प्रतिवद्वतापत्रमा यातायात, पदमार्ग तथा भौतिक पूर्वाधार, खानेपानी व्यवस्थापन, शिक्षा, युवा रोजगार तथा खेलकुद, फोहर मैला व्यवस्थापन, जनस्वास्थ्य, सामाजिक सुरक्षा, जलवायु परिवर्तन, विपद व्यवस्थापन तथा सहरी सुरक्षा, सुचना तथा सञ्चार, सम्पदा संरक्षण तथा पर्यटन विकास, कृषि, पशु सेवा तथा बजार व्यवस्थापनलागयतका मूख्य योजना तथा कार्यक्रमहरू समावेश गरिएको छ ।

यातायात, पदमार्ग तथा भौतिक पूर्वाधार अन्तर्गत चित्लाङ–चन्द्रागिरी–थानकोट सडक (गणेशमान सिंह मार्ग)को स्तरोन्नतिका लागि नियमित योजना सञ्चालन गर्न पहल गर्ने, थाहा नगरलाई काठमाडौंको भगिनी सहरको रूपमा विकास गर्न चित्लाङ–थानकोटमा सुरूङ मार्ग निर्माण गर्न डीपीआर तयार गर्न लगाई आवश्यक पहल गर्ने, नगरका प्रत्येक टोलहरूलाई सडक सञ्जालमा जोड्दै निर्माण सम्पन्न भइसकेका सडकहरूको स्तरोन्नति गर्ने, त्रिभुवन राजपथको स्तरोन्नति गर्नका लागि आवश्यक पहल गर्ने लगायतका कुराहरू उल्लेख छ ।

खानेपानी व्यवस्थापन अन्तर्गत 'एक घर एक धारा–नगरको अभिभारा' नारा दिएर सबै घरपरिवारलाई खानेपानीको पहूँचमा पुर्‍याउने योजना अघि सारेको छ ।

शिक्षा अन्तर्गत थाहाको ५ र १२ नम्बर वडामा मावि तहसम्मको सुविधासम्पन्न भवन सहितको विद्यालय स्थापना गर्ने, कक्षा १२ सम्म निःशुल्क शिक्षा, थाहानगरमा कम्तिमा एक विद्यालयलाई पूर्ण प्राविधिक विद्यालय बनाउने, विद्यालयमा कार्यरत निजी स्रोत शिक्षक तथा कर्मचारीहरूलाई प्रोत्साहन भत्तासहित सरकारी सोसरह पारिश्रमिकको व्यवस्था गर्ने उल्लेख छ ।

युवा रोजगार तथा खेलकुद अन्तर्गत प्रत्येक वडाका बेरोजगार युवाहरूका लागि रोजगार कार्यक्रम सञ्चालन गर्ने, एक वडा एक खेलकुद मैदान निर्माण गर्ने योजना उल्लेख छ ।

फोहरमैला व्यवस्थापनतर्फ ढल निकासको उचित व्यवस्थापन गर्ने र हाल रहेका सार्वजनिक शौचालयहरूलाई व्यवस्थित गर्ने र नभएका बजारहरूमा नयाँ शौचालयहरू निर्माण गर्ने, घर घर मै फोहर व्यवस्थापन गर्ने लगायतका कुराहरू उल्लेख छ ।

कृषि कार्यक्रमतर्फ कम्तिमा एक घर एक टनेलको निर्माण कार्यलाई अनिवार्य कार्यक्रमको रूपमा लागू गरि कम्तिमा बीउ उत्पादनमा जोड दिने उल्लेख छ ।

पर्यटनतर्फ राज्यको पर्यटकीय सूचीमा कायम गराउदै उचित प्रचारप्रसार गर्ने, दामनमा रहेका सार्वजनिक तथा सरकारी जग्गाहरूलाई भाडामा उपलब्ध गराएर ठुला होटल तथा रिसोर्टहरू निर्माणमा प्राथमिकता दिइने उल्लेख छ ।

सामाजिक सुरक्षातर्फ ८० वर्षमाथिका वृद्धवृद्धाहरूलाई मासिक एक हजार रूपैया भत्ता घरघर मै पुगेर वितरण गर्नेलगायतका कुराहरू उल्लेख छ । स्वास्थ्य अन्तर्गत थाहानगरका प्रत्येक परिवारलाई स्वास्थ्य बीमा अनुदानमा जोड्ने योजना उल्लेख छ । सबै गर्भवती महिलालाई स्वास्थ्य केन्द्रमै सुत्केरी गराउने, एम्बुलेन्स भाडा बापत ५ हजार रूपैयाँसम्म उपलब्ध गराउने लगायतका योजनाहरू समावेश छन् ।

# थाहानगरमा मेयरमा ६, उपमेयरमा ३ प्रतिस्पर्धी

◆ विकास संवाददाता



मकवानपुर थाहा नगरपालिकामा नगर प्रमुख (मेयर) पदमा ६ जनाको प्रतिस्पर्धा रहेको छ । साविक विजेता नेकपा माओवादी केन्द्र काँग्रेस माओवादी गठबन्धनको तर्फबाट विष्णु बहादुर विष्ट 'आदर्श' मेयर पदमा चुनावी लडाईंमा छन् भने साविक नेपाली काँग्रेस पनि गठबन्धन मार्फत भरत गोपाली उपमेयर पदमा चुनावी मैदानमा रहेका छन् ।

त्यस्तै नेकपा एमालेका अच्युतम प्रसाद ढकाल, राष्टिय प्रजातन्त्र पार्टीबाट बसुन्धरा पुडासैनी, राष्टिय जनमोर्चाबाट शुभराज गोले, मंगोल नेशनल अर्गनाइजेशनबाट राजकुमार गोले र नेपाली काँग्रेस (बी.पी.) बाट विर बहादुर भोम्जन मेयर पदका लागि उमेद्वारी दर्ता गराएका छन् ।

त्यस्तै उपमेयर पदमा नेकपा एमालेबाट कल्पना बलामी र राष्टिय प्रजातन्त्र पार्टीबाट नविन रायमाझीले उमेद्वारी दर्ता गराएका छन् । थाहानगरमा कुल २ सय ४० उमेद्वार रहेका छन् भने् नेकपा एमालेको तर्फबाट वडा नम्बर ५ मा उमेद्वारी दिएकी दलित महिला सदस्य उर्मिला कामी भने सर्वसम्मत निर्वाचित भएकी छिन् ।

# माओवादी थाहानगरको प्रतिवद्धताः कृषिमा आधुनिकीकरण, पर्यटक भित्र्याउने दरबिलो योजना

◆ विकास संवाददाता

नेकपा माओवादी केन्द्र थाहानगरले स्थानीय तह सदस्य निर्वाचन लक्षित प्रतिवद्धता पत्र सार्वजनिक गरेको छ । माओवादी केन्द्रले ३० वैशाखमा हुने चुनावका लागि *'शिक्षा, कृषि, पर्यटन र रोजगार, सम्वृद्ध थाहानगरको आधार'* भन्ने नारासहित प्रतिवद्धता पत्र सार्वजनिक गरेको नगर प्रमुख (मेयर) का उमेद्वार विष्णु बहादुर विष्ट 'आदर्श'ले बताए ।

उमेद्वार विष्टले कृषि, पर्यटन र अन्य सामाजिक विकासका विषय वस्तुलाई समेत केन्द्रित गरेर प्रतिवद्धता पत्र सार्वजनिक गरिएको बताए । उनले पूर्वाधार विकासको साथै सेवा प्रवाहमा समेत सफलता दिलाउने प्रतिवद्धता र हेको जानकारी दिए । माओवादी केन्द्रले थाहानगरमा कृषि यान्त्रिकरणमा जोड दिने, कृषकसंगको सँझेदारीमा उन्नत खेती र बहुवर्षिय बालीको खोज अनुसन्धान गर्ने प्रतिवद्धता पत्रमा उल्लेख गरेको छ । थाहानगरमा फलफूल खेतीको विस्तारका साथै टनेलमा आधारित खेतीलाई प्राथमिकता र प्रोत्साहन गर्ने माओवादीले प्रतिवद्धता पत्रमा उल्लेख गरेको छ ।

कृषिलाई प्रवर्द्धन गर्न प्राचीन पोखरी संरक्षण, थोपा सिंचाई, डिप बोरिङ र कृषिसंग सम्बन्धीत विद्युतीय यन्त्र प्रयोगमा समेत माओवादीले प्रतिवद्धता जनाएको छ । खेती योग्य जमिन संरक्षण गर्ने, तरकारी खेतीमा नयाँ प्रविधि भित्र्याउने तथा विऊ प्रवर्द्धनका कार्यक्रमलाई अघि बढाउने चुनावी प्रतिवद्धता पत्रमा उल्लेख छ । खाद्य सुरक्षालाई ध्यान दिदै नेकपा माओवादी थाहानगरले सहकारी संस्थासंग सहकार्य गरी गोदाम घर निर्माण गर्ने र अतिआवश्यकीय खाद्यन्न मौज्दात अटुट रूपमा राख्ने घोषणा गरेको छ ।

तरकारी उत्पादनको उर्वर थाहानगरमा अर्गानिक खेतीमा आकर्षित गर्ने, कृषि बीमा, सहकारी कृषि प्रणाली प्रवर्द्धन गर्ने प्रतिवद्धता पत्रमा उल्लेख गरेको छ । त्यस्तै सौर्य उर्जाबाट संचालन हुने कोल्ड स्टोरेज निर्माण गर्ने, सूचना प्रविधिसंग कृषिलाई जोड्ने, कृषि प्राविधिक शिक्षालाई विस्तार गर्ने माओवादीको प्रतिवद्धता पत्रमा उल्लेख छ ।

२०७४ को स्थानीय सरकार निर्वाचित हुँदाको बखतबाटै चर्चामा रहेको भीमफेदी–सिमभन्ज्याङ केवलबार निर्माणमा माओवादीले जोड दिने प्रतिवद्धता गरेको छ । नगरमा पर्यटक भित्र्याउनका लागि रक्लाइमिङ, जीपलाइन, बन्जी जस्ता साहसी पर्यटन प्रवर्द्धन गर्न स्थानीय सहकारीसंग सहकार्य गर्ने र आयोजना संचालनका लागि संघीय सरकारसंग स्वीकृती लिने माओवादीको प्रतिवद्धता छ ।

नगरका पहिचानकै रूपमा रहेका परम्परागत नाच, संस्कृति, लोपोन्मुख र मौलिक वस्तुकलाको पहिचान र संरक्षण गर्ने चुनावी प्रतिवद्धता माओवादीको रहेको छ ।

थाहाको पर्यटन प्रवर्द्धनमा दीर्घकालिन योजना निर्माण गरी कृषि, धर्म संस्कृति, शिक्षा, जैविक विविधता लगायका विषयमा एकीकृत पर्यटन प्रवर्द्धनका योजना संचालन गर्ने प्रतिवद्धता छ । नगरका पुरातात्विक क्षेत्र तथा वस्तुको संरक्षण गर्दै पालिकाभरीको पर्यटन सम्बन्धी सूचना प्रवाहका लागि पर्यटन सूचना केन्द्र निर्माण गर्ने प्रतिवद्धता पत्रमा लेखिएको छ ।

नगरका विभिन्न पर्यटकीय क्षेत्रमा पर्यटक लक्षित फ्री वाइफाई सेवा शुरू गर्ने पनि जनाएको छ । स्थानीय उत्पादनलाई प्रोत्साहन गर्दै आयआर्जनको बाटो खोल्न थाहानगरमा कोशेली घर संचालन गर्ने प्रतिवद्धता पत्रमा उल्लेख गरिएको छ । कोशेली घरमा स्थानीय हस्तकलामा आधारित सामाग्री स्थानीय स्तरबाट खरिद गरी एकीकृत रूपमा विक्रि गरिने छ ।

नगरमा लघु तथा घरेलु उद्योग विकासका योजना तर्जुमा गर्ने प्रतिवद्धता पत्रमा उल्लेख गरिएको छ । यसका लागि स्थानीय उतपादनमा आधारित अचार, कृषि वस्तुको प्रशोधन, डेरी प्रडक्टलगायतको कार्यक्रमलाई प्रोत्साहन गर्ने माओवादी थाहानगरले जनाएको छ । प्रतिवद्धता पत्रमा गरिवी शुन्य नगर को विकास गर्ने महत्वकांक्षी योजना समेत समेटिएको छ । स्थानीय सीप विकासलाई प्रोत्साहन गर्दै गरिबी न्यूनीकरण गर्ने आधार लिइएको छ । नगरमा रहेका दलित तथा पछाडि पारिएका समूदायलाई आयआर्जनमा जोड्दै उनीहरूको शिक्षा र स्वास्थ्यमा नगरबाट ध्यान दिइने प्रतिवद्धता पत्रमा उल्लेख छ ।

# ९ नम्बर वडा अध्यक्षमा रेग्मीको स्वतन्त्र उमेद्वारी

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर सरोज कुमार रेग्मीले स्वतन्त्रतर्फबाट वडा अध्यक्षमा उमेद्वारी दर्ता गरेका छन् ।

वडालाई प्रविधिमैत्री बनाउने उद्देश्यले ३० वैशाखमा हुने पालिका निर्वाचनमा वडा अध्यक्ष पदमा उमेद्वारी दिने दर्ता गरेका हुन् । रेग्मी कम्प्युटर इन्जिनियर हुन् । पार्टीगत व्यक्तीले राजनीतिक आग्रह पूर्वाग्रह बोकेर वडामा काम गर्ने बताउँदै जनतालाई समान सेवा र न्यायोचित विकासका लागि वडा अध्यक्षमा स्वतन्त्र उम्मेदवारका रपमा आफूलाई घोषणा गरेको रेग्मीले बताए ।

यसैबीच मकवानपुर थाहा नगरपालिका वडा नम्बर ९ मा राष्ट्रिय प्रजातन्त्र पार्टीको वडा अध्यक्षमा पुण्यमान बलामीले उमेद्वारी दर्ता गरेका छन् ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

**उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं ।**

- स्थानीय स्रोत साधनको प्रयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौं र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## स्थानीय तह सदस्य निर्वाचन, २०७९





यहि वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा सहभागी भई असल प्रतिनिधि रोजौं ।

वैशाख ३० गते शुक्रबार
बिहान ७ बजेदेखि अपरान्ह ५ बजेसम्म

नेपाल सरकार
विज्ञापन बोर्ड

## कण्डम






- कण्डम गर्भान्तरको लागि पुरुषले प्रयोग गर्ने परिवार नियोजनको एक मात्र अस्थायी साधन हो । यो प्रत्येक पटक यौन सम्पर्क गर्दा सहि तरिकाले प्रयोग गर्नुपछ ।
- घर भन्दा बाहिर कामकाज गर्ने व्यक्ति घर फर्कदा अनिच्छित गर्भ रहनबाट रोक्न कन्डम एक सरल उपाय हो ।
- यसले गर्भ निरोध र एच. आई.भी तथा यौन रोगको संक्रमणबाट पनि बचाउछ । कण्डमले दोहोरो सुरक्षा प्रदान गर्छ ।
- यो प्रयोग गरिसकेपछि उचित ठाउँमा व्यवस्थापन गर्नुपर्छ ।
- नजिकको स्वास्थ्य संस्था साथै आफ्नो वडाको महिला स्वास्थ्य स्वयंमसेविकाबाट पनि निःशुल्क उपलब्ध हुन्छ ।
- यदि यौन सम्पर्कको बेला कण्डम फुटेमा चाडो भन्दा चाडो १२० घण्टाभित्र आकस्मिक गर्भ निरोधकको उपाय अपनाउनु पर्छ ।


**थाहा नगरपालिका**
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

## परिवार नियोजन



- पहिलो बच्चा ढिलो पाउन
- कम्तीमा ३ बर्ष जन्मान्तर राख्न (बच्चा पाएको ४५ दिन भित्र शुरुवात)
- लामो समय गर्भ रोक्न
- सन्तानको रहर पुगेपछि

### १ . अस्थायी साधनहरु



**१.१ आई.यू.सी.डि (कपर टि) :**
- आई.यू.सी.डि महिलाले प्रयोग गर्ने लामो अबधिको अस्थायी साधन हो । यो पाठेघरमा राखिन्छ । एकपटक राखेपछि यसले १२ वर्षसम्म गर्भ रहन दिदैन ।

**१.२ ईम्प्लाण्ट :**
- ईम्प्लाण्ट महिलाको पाखुरामा राखिने परिवार नियोजनको अस्थायी साधन हो । यसले एक पटक लगाएपछि ५ बर्ष सम्म गर्भ रहन दिदैन ।

**१.३ डिपो (३ महिने) सुई :**
- यो सुई लगाएपछि ३ महिना सम्म गर्भ रहन दिदैन ।

**१.४ खाने चक्की (पिल्स) :**
- गर्भधारणबाट पूणरुपमा सुरक्षित रहनका लागि महिलाले प्रत्येक दिन नबिराई खाने चक्की (पिल्स) को सेवन गर्नुपर्छ ।

**थाहा नगरपालिका**
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

# नगरौं विवाहका कुरा: भएको छैन बिस वर्ष पूरा

बालविवाह सामाजिक अपराध हो । बालविवाह नगरौं, नगराऔं ।





बालविवाह कानूनी रुपमा दण्डनीय छ । कानूनको पालना गरौं गराऔं ।



बालविवाह अन्त्य गरौं ।



बालविवाह गरी शिक्षाबाट वञ्चित नहोऔं ।



बालविवाह गरी घरेलु हिंसामा नफसौं ।



बालविवाहका कारण कम उमेरमा गर्भवती भई स्वास्थ्यलाई जोखिममा नपारौं ।

"सानै छु बढ्न देऊ, विवाह हैन पढ्न देऊ"

**थाहा नगरपालिका**
**सामाजिक विकास शाखा**
**इन्द्रायणी चौर, मकवानपुर**

बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजैदेखि सबै लागौं ।

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी